## आ.व.२०८२।८३ को छैठौं कार्यपालिका बैठक

आज मिति २०८२।०८।१६ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

| क्र.सं. | नाम थर | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रकाश विष्ट | |
| २ | उपाध्यक्ष | श्री कमलापति चौधरी | |
| ३ | सदस्य ( वडा नं. १ अध्यक्ष ) | श्री गेमे खड्का | |
| ४ | सदस्य ( वडा नं. २ अध्यक्ष ) | श्री पहलवान चौधरी | |
| ५ | सदस्य ( वडा नं. ३ अध्यक्ष ) | श्री उमेश अधिकारी | |
| ६ | सदस्य ( वडा नं. ४ अध्यक्ष ) | श्री विर वहादुर चौधरी | |
| ७ | सदस्य ( वडा नं. ५ अध्यक्ष ) | श्री देव प्रसाद चौधरी | |
| ८ | सदस्य ( वडा नं. ६ अध्यक्ष ) | श्री दीपक कुमार चौधरी | |
| ९ | सदस्य ( वडा नं. ७ अध्यक्ष ) | श्री सिताराम चौधरी | |
| १० | सदस्य ( वडा नं. ८ अध्यक्ष ) | श्री चन्द्र बहादुर गुरुङ | |
| ११ | सदस्य ( वडा नं. ९ अध्यक्ष ) | श्री रिम वहादुर सुनारी मगर | |
| १२ | सदस्य | श्री पार्वती सुवेदी | |
| १३ | सदस्य | श्री चम्फा भुसाल | |
| १४ | सदस्य | श्री रण बहादुर पुजाली सार्की | |
| १५ | सदस्य | श्री गिता चौधरी | |
| १६ | सदस्य | श्री सावित्री चौधरी | |
| १७ | सदस्य | श्री संजिव परियार | |
| १८ | सदस्य सचिव | श्री देविराम पाठक | |
| **आमन्त्रित** | | | |
| १९ | विकास थापाली | प्रशासकीय अधिकृत | |
| २० | नारायण [illegible] | सहायक स्तर | |
| २१ | | | |
| २२ | | | |
| २३ | | | |

आ.व. २०८२।८३

बैठक नं. ६

मिति २०८२।०८।१६

**मिति २०८२।०८।१६ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु।**

| क्र. सं. | प्रस्तावको संक्षिप्त व्यहोरा | निर्णय हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा | अघिल्लो कार्यपालिका बैठकको समिक्षा गर्ने । | |
| २ | जफत गरिएको ढुङ्गा व्यवस्थापन सम्बन्धमा। | लिलाम बढाबढ प्रकृयाद्धारा ढुङ्गा व्यवस्थापन गर्ने | |
| ३ | MCC परियोजना सम्बन्धमा। | MCC परियोजना सम्बन्धमा उठेका विषयमा जानकारी लिने। | |
| ४ | हिउदे अधिवेसन सम्बन्धमा। | हिउदे अधिवेसनको मिति तोक्ने। | |
| ५ | फोहोरमैला व्यवस्थापन तथा संकलन केन्द्र सम्बन्धमा। | प्रभाभकारी रुपमा फोहोरमैला व्यवस्थापन सम्बन्धमा छलफल र निर्णय गर्ने। | |
| ६ | खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नविकरण व्यवस्थापन कार्यविधी सम्बन्धमा। | कार्यविधि स्विकृत गर्ने। | |
| ७ | कमैया-कमलहरी आयवृद्धि तथा सीप विकास कार्यक्रम सम्बन्धमा | सूचना आव्हान गरी कार्यक्रम संचालन गर्ने। | |
| ८ | लुम्विनी मल्टिमिडिया प्रालिसंगको सहकार्य सम्बन्धमा। | सहकार्यमा निती संवाद कार्यक्रम संचालन गर्ने । | |
| ९ | स्वविय् ऐरावती आदर्श बहुमुखी क्याम्पसको सहयोग माग सम्बन्धमा | राप्तीमा युवा र महिला उद्यमशिलतामा पहिला शिर्षकबाट उपलब्ध गराउने। | |
| १० | अख्तियार दुरुपयोग आयोगको निर्णय कार्यान्वयन सम्बन्धी पत्र सम्बन्धमा | अमिन खटाई एकिन गर्ने। | |
| ११ | राष्ट्रिय अपाङ्ग महासंघको प्रस्तावना सम्बन्धमा | कार्यक्रममा साझेदारी गर्ने। | |
| १२ | सार्वजनिक सेवा प्रसारण नेपालसंगको सहकार्य सम्बन्धमा | द्धिपक्षिय सम्झौताका आधारमा सहकार्य गर्ने | |
| १३ | राप्ती गाउँपालिका ईसाई समुदायको बजेट माग सम्बन्धमा | धार्मिक, साँस्कृतिक सम्पदा संरक्षण दिवस जात्रा, पर्व स्थानीय धर्म संस्कृति खर्च संरक्षण शिर्षकबाट रकम उपलब्ध गराउने | |
| १४ | विविध | | |

गाउँ कार्यपालिकाको कार्यालय, मझुरिया, देउखुरी, दाङ, लुम्बिनी प्रदेश, नेपाल

प्रकाश विष्ट

दधिराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०८२।८३
बैठक नं. ६
मिति २०८२।०८।१६

**मिति २०८२।०८।१६ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु।**

**निर्णय नं.१** - यस अघिका कार्यपालिका बैठकका निर्णय कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं.२** – राप्ती नदिको वडा नं. २ स्थित किनारामा अबैध रुपमा घाटगद्धि गरी राखिएको ५५ ट्याकटर (५५ सय क्युविक फिट) ढुङ्गा ईलाका प्रहरी कार्यालय भालुवाङ तथा गाउँककार्यापलिकाकको कार्यालयबाट २०८२।०८।०३ गते जफत गरी गाउँपालिका कार्यालय प्राङ्गणमा घाटगद्धि गरी राखिएकोमा उल्लेखित परिमाणको ढुङ्गाको प्रचलित कानुन बमोजिमको रोयल्टी रु ४९,७२०/- र सो ढुङ्गा जफत गर्दा लागेको जम्मा खर्च रु ७३,०००/- गरी रु १,२२,७२०/- न्यूनतम मूल्य कायम गरी ७ (सात) दिने लिलाम बढाबढ पकृयाद्धारा विक्री गरी राजस्व आम्दानी बाँध्ने ।

**निर्णय नं. ३-** MCC परियोजना अन्तरगत यस क्षेत्रमा निर्माण तथा विस्तार हुने सडक सम्बन्धी विषयमा उठेका विषयमा जानकारी लिईयो।

**निर्णय नं.४ -** राप्ती गाउँपालिकाको आ व २०८२।८३ को दोस्रो गाउँसभाको सातौ अधिवेसनको प्रथम वैठक मिति २०८२ पौष १३ गते विहान ११:०० बजे आव्हान गर्ने।

**निर्णय नं.५-** फोहोरमैला व्यवस्थापन संकलन केन्द्र सम्बन्धी उत्पन्न समस्याका लागि देहाय बमोजिमको समिति गठन गर्ने। र समितिको कार्यविवरण तपशिल बमोजिम निर्धारण गर्ने।

**समिति**

श्री कमलापति चौधरी, गापा उपाध्यक्ष- संयोजक

श्री विर बहादुर चौधरी, नं.४ नं.वडाध्यक्ष- सदस्य

श्री गेमे खड्का, नं.१ नं.वडाध्यक्ष- सदस्य

श्री पहलवान चौधरी, नं.२ नं.वडाध्यक्ष- सदस्य

श्री उमेश अधिकारी, नं.३ नं.वडाध्यक्ष- सदस्य

श्री सावित्री चौधरी, कार्यापालिका सदस्य- सदस्य

श्री अशोक बेल्वासे, ईन्जिनियर- सदस्य

श्री गिता चौधरी, खानेपानी तथा सरसफाई ईकाई प्रमुख- सदस्य सचिव

राप्ती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भालुबाङ, देउखुरी, दाङ लुम्बिनी प्रदेश, नेपाल

प्रकाश विष्ट
अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०८२।८३
बैठक नं. ६
मिति २०८२।०८।१६

**कार्यविवरण**

- विगतमा जम्मा भएको फोहोरको परिमाण एकीन गरी त्यसलाई दिगो रूपमा व्यवस्थापन गर्न कार्ययोजना सहित ३० दिन भित्र थुप्रिएर रहेको फोहोर व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाउने।
- सरसफाई केन्द्रमा उत्पन्न वर्तमान समस्या समाधान र थुप्रिएको फोहोर उचित तवरले व्यवस्थापन गर्न नागरिक तहमा आवश्यक सम्पर्क, समन्वय कायम गरी समाधानका लागि हदै सम्मको उपाय अपनाई सहजीकरण गर्ने।
- फोहोरको वर्गीकरण(कुहिने,नकुहिने, पुनःप्रयोग गर्न सकिने) कार्यलाई उच्च प्राथमिकता दिँदै आवश्यक जनशक्ति र उपकरणको व्यवस्था गरी उचित विधिबाट प्रशोधन वा सुरक्षित विसर्जन गर्ने व्यवस्था मिलाउने।
- सरसफाईकर्मीहरूको PPE (पञ्जा, मास्क, बुट, ज्याकेट आदि) अनिवार्य प्रयोग सुनिश्चित गर्दै फोहोरमैला व्यवस्थापन केन्द्रको दैनिक सञ्चालन, मर्मत सम्भार र स्वच्छता कायम राख्ने व्यवस्था मिलाउने।
- केन्द्र सञ्चालनका लागि आवश्यक आर्थिक स्रोत परिचालन गर्न लागत प्रभावी उपाय अपनाउने तथा उत्पादित फोहोरजन्य उत्पादन (जस्तै: कम्पोस्ट मल, पुनः प्रयोग हुने वस्तु) को बजार व्यवस्थापनमा सहयोग तथा सहजीकरण गर्ने।
- नयाँ प्रविधि र उपकरणको प्रयोग सम्बन्धी सिफारिस पेश गर्ने तथा वडा कार्यालय, स्थानीय नागरिक र आम सरोकारवालाहरु सँग नियमित समन्वय गर्दै फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउने।
- समितिले सम्पादन गरेको प्रगतिको अवस्था गाउँ कार्यपालिकाको कार्यालय, गाउँपालिका अध्यक्ष र गाउँकार्यपालिकालाई जानकारी गराउने।

**निर्णय नं.६-** राप्ती गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नविकरण व्यवस्थापन कार्यविधी २०८२, स्विकृत गर्ने।

**निर्णय नं.७** -राप्ती गाउँपालिकाको आ व २०८२।८३ स्विकृत वार्षिक कार्यक्रम अन्तरगतको कमैया-कमलहरी आयवृद्धि तथा सीप विकास कार्यक्रम सम्बन्धमा लक्षित वर्ग लाभान्वित हुने गरी सूचना प्रकाशन गरी कार्यक्रम संचालन गर्ने।

**निर्णय नं.८-** लुम्विनी मल्टिमिडिया प्रालिसंगको सहकार्यमा निति संवाद कार्यक्रम संचालन गर्नका लागि राप्ती गाउँपालिकाको आ व २०८२।८३ स्विकृत वार्षिक कार्यक्रम अन्तरगत विभिन्न किसिमका कार्यक्रम संचालन खर्च शिर्षकबाट रु २,००,०००/- सहयोग गर्ने।

**निर्णय नं.९-** स्वतन्त्र विधार्थी युनियन, ऐरावती आदर्श बहुमुखी क्याम्पस, राप्ती गापा २ लालमटियाद्धारा संचालित बुके तालिम खर्च रकम राप्ती गापाको आ.व. २०८२।८३ स्विकृत वार्षिक कार्यक्रम राप्तीका युवा र महिला उद्यमशिलता पहिला शिर्षकबाट रु १०,०००/- उपलब्ध गराउने।

आ.व. २०८२।८३
बैठक नं. ६
मिति २०८२।०८।१६

**निर्णय नं.१०-** अख्तियार दुरुपयोग आयोगको निर्णय कार्यान्वयन सम्बन्धी च.नं. २११२१ मिति २०८२।०८।०८ को पत्र सम्बन्धमा साविक लालमटिया गाविस वडा नं.३ "ण" कि.नं.७९ ज.वि. ०-२-१६ को जग्गा सम्बन्धमा अमिन खटाई एकिन गर्ने ।

**निर्णय नं.११-** राष्ट्रिय अपाङ्ग महासंघद्धारा मिति २०८२।०८।१७ गते तय भएको अपाङ्ग दिवस कार्यक्रममा राप्ती गापाको आ.व. २०८२।८३ स्विकृत वार्षिक कार्यक्रमको अन्तरगत महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा तर्फ विनियोजित विभिन्न किसिमका दिवसिय कार्यक्रमबाट रु ३०,०००/- उपलब्ध गराउने ।

**निर्णय नं.१२-** सार्वजनिक सेवा प्रसारण नेपालसंगको सहकार्य द्विपक्षिय सम्झौता गरी गाउँपालिकाको विकास निर्माण, स्वास्थ्य शिक्षा लगायत विभिन्न क्षेत्रमा हासिल गरेका उपलब्धीलाई समेटेर रिपोर्ट, फुटेज र अन्तरवार्तामा आधारित कार्यक्रम संचालनका लागि राप्ती गापाको आ.व. २०८२।८३ बार्षिक स्विकृत कार्यक्रम अन्तरगत मिडियामा राप्ती कार्यक्रमबाट रु २,००,०००/- उपलब्ध गराउने ।

**निर्णय नं.१३-** राप्ती गाउँपालिका ईसाई समुदायद्धारा मिति २०८२।०९।१० गते हुने ईसाई समुदायको वृहत कार्यक्रमलाई राप्ती गापाको आ.व. २०८२।८३ बार्षिक स्विकृत कार्यक्रम अन्तरगत धार्मिक, साँस्कृतिक सम्पदा संरक्षण दिवस जात्रा, पर्व स्थानीय धर्म संस्कृति खर्च संरक्षण शिर्षकबाट रु १,००,०००/- विल भर्पाईका आधारमा भुक्तानी दिने ।

**विविध –**

- राप्ती गापा वडा नं. ४, ८ र ७ को सिमा क्षेत्रमा पर्ने चतरवा भन्ने ठाउँमा सानो नदिको बहाव परिवर्तनका कारण विवाद भएको जग्गाको विषयमा उठान भएका गुनासो एवं सवालको अध्ययन गरी प्रतिवेदन पेश गर्ने गरी पूर्वाधार विकास समितिका संयोजक श्री वीर वहादुर चौधरीको संयोजकत्वमा तपसिल बमोजिमको अध्ययन समिति गठन गर्ने ।

  **अध्ययन समिति**

  श्री वीर बहादुर चौधरी, पूर्वाधार विकास समिति संयोजक एवं ४ नं. वडाध्यक्ष – संयोजक
  श्री सिताराम चौधरी, ७ नं. वडाध्यक्ष – सदस्य
  श्री सुन्दर बहादुर शाही, ८ नं. वडा कार्यवाहक वडाध्यक्ष, - सदस्य
  श्री अनामिका चौधरी , प्राविधिक अधिकृत - सदस्य
  श्री शरद पुरी ,सव ईन्जिनियर - सदस्य
  श्री लिलावती चौधरी, अ. सव ईन्जिनियर - सदस्य
  श्री शिवराज चौधरी,अमिन – सदस्य सचिव

- राप्ती गापा क्षेत्र भित्र कम्तिमा १० जनाको समूहमा सामाजिक प्रशंसनीय कार्यमा संलग्न रहेका युवाहरुलाई प्रोत्साहनका लागि हरेक महिना / एक समूह (संस्थागत )लाई Youth Hero Award द्धारा सम्मान गर्ने ।

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भलुवाङ, देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

आ.व. २०८२।८३

बैठक नं. ६

मिति २०८२।०८।१६

- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तरगत मिति २०८२।०८।२४ गते राप्ती गाउँपालिका स्तरीय महिला म्याराथन प्रतियोगिता आयोजना गर्ने ।

- राप्ती गाउँपालिकामा सहायक कम्प्युटर अधिकृत पदमा कार्यरत श्री सुवास भट्टराई( क.सं. नं. २४००३६) लाई कार्यालयको कामकाजमा असर नपर्ने गरी विद्यावारिधी सोध कार्यका लागि अनुमति प्रदान गर्ने । साथै नेपाल बार काउन्सिलद्धारा अधिवक्ता तहको परीक्षा उत्तिर्ण गरेका विद्यार्थीलाई प्रदान गरिने ३ दिने तालिम र कानुन व्यवसायी प्रमाण पत्र लिनका लागि अनुमति प्रदान गर्ने ।

- राप्ती गापा २ पुण्यपुर स्थित फोहोरमैला व्यवस्थापन तथा स्रोत केन्द्रको दिगो सञ्चालन र थप स्तरोन्नतिका लागि प्रदेश सरकारलाई अनुरोध गर्ने ।

- श्री माध्यमिक विद्यालयले जौ खेती गर्दा खर्च भए वापतको रकम राप्ती गाउँपालिकाको आ.व. २०८२।८३ को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत रैथाने वाली प्रवर्द्धन कार्ग्रक्रमबाट भुक्तानी दिने ।

- राप्ती गापा ८ हरियाली टोल मा राप्ती गापाको आ.व.२०८२।८३ को स्विकृत वार्षिक कार्यक्रम सडक लगायत सार्वजनिक पुर्वाधार मर्मत सम्भार शिर्षकबाट खर्च हुने गरी राप्ती गापा ५ स्थित पुर्व पश्चिम राजमार्गबाट हरियाली बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालय जाने बाटोमा माटो कटान तथा सडक स्तरोन्नती योजना कार्यान्वयन गर्ने ।

- राप्ती गाउँपालिका र नेपाल आँखा कार्यक्रम -तिलगंगा आँखा प्रतिष्ठानको सहकार्यमा संचालित तिलगंगा सर्जिकल सामुदायिक आँखा केन्द्र दाङको सेवा प्रवाह सुदृढिकरण र विस्तारका लागि सिसहँनिया स्वास्थ्य चौकी संचालनमा रहेको पुरानो भवन हाता (कम्पाउन्ड) भित्रका सबै भवनहरु र परिसर आवश्यक मर्मत सम्भार गरी प्रयोग गर्न अनुमति दिने ।

राप्ती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मझौरिया, देउखुरी, दाङ लुम्बिनी प्रदेश, नेपाल

...काश विष्ट

देविराम पाठक

...अध्यक्ष